# IBN DISPATCH

Year:1, Issue:3, Chaitra 2071 (March-April 2015) *Monthly Newsletter*



## IBN, GMR Interaction with Locals

KATHMANDU: Investment Board Nepal (IBN) and GMR-ITD, developer of 900MW Upper Karnali Hydropower Project (UKHPP), jointly organized interactions with local stakeholders in project-affected districts from February 23-28. The interactions, mainly aimed at sharing the major features of Project Development Agreement (PDA), were conducted at Dab (project's dam-site) and Dailekh Bazaar of Dailekh district, Birendranagar of Surkhet district, and Bhairabsthan and Mangalsen of Achham district.

A high level IBN team, led by its Chief Executive Officer (CEO) Radhesh Pant and GMR's senior officials, Constituent Assembly (CA) members of Dailekh, Surkhet, Achham and Sankhuwasabha districts, and Kathmandu-based journalists attended the interactions. Local political parties, local government officials, Project Concern Groups and media representatives shared their views at the events.



Speaking on the occasion, Harvindar Manocha, chief of GMR's Nepal Office, reiterated the commitment of accelerating construction activities at the project-affected area soon. He said the company will soon prepare a detailed benefits package in collaboration with the locals, and start implementing it at the earliest.

Likewise, IBN CEO Pant said the PDA has protected the national interests. He further said the project will bring huge economic and social transformations in the districts. He also assured the locals that their genuine demands, including the issues of rehabilitation and resettlement, compensation for the land acquired and other benefits, will be adequately addressed by the company. In regards with the local benefits and rehabilitation and resettlement activities, CEO Pant said the company will follow international standards, including that of International Finance Corporation (IFC) Performance Standards and

**(more on page 3)**





# IBN Outreach at Kathmandu University

IBN College Event

KATHMANDU: In the latest of its proposed outreach programs, IBN organized an interaction with graduate students of Kathmandu University (KU) on March 11 (Fagun 27) at Dhulikhel to discuss issues of hydropower and other infrastructure development in Nepal. The interaction was also aimed at soliciting their thoughts on overall economic development of Nepal.

IBN CEO Radhesh Pant and his team exchanged views with the students of Engineering and Management streams at the university. Around 400 students and faculty members, including founding vice chancellor Prof. Dr. Suresh Raj Chalise, current vice chancellor Prof. Dr. Ram Kantha Makaju, Deans, Registrars and university professors participated at the interaction.

During the event, Pant provided a comprehensive presentation on Nepal's development scenario with a special focus on IBN-portfolio projects and achievements. He urged the students and professors to spread message for rapid economic growth of Nepal.

“

*With the help of hydroelectric power lot of countries have done very well. Despite of our very less occupancy in world, we have lots of potential and water and hydropower. Its really great to know IBN is working on the same field.*

**Prof. Dr. Ram Kantha Makaju**
Vice Chancellor, KU



# IBN, GMR Interaction...

(...contd from page 1)

Asian Development Bank (ADB) safeguard policies for the purpose.
During the week-long engagement with the locals, IBN and GMR officials explained details about the proposed rural electrification, project economic benefits, employment opportunities, community development plan and others to the locals.
CA members from the project-affected districts (Honorable Amar Bahadur Thapa-Dailekh, Honorable Laxmi Prasad Pokharel-Dailekh, Honorable Bharat Saud-Achham, Honorable Hridayaram Thani-Surkhet, Honorable Tapta Bahadur Bista-Surkhet) expressed their commitment to provide full cooperation to the project implementation activities. They said they would facilitate all discussions between the project company and stakeholders for the implementation of PDA commitments. Similarly, CA member from Sankhuwasabha district Honorable Taraman Gurung, shared his experience about Arun 3 Hydro Power Project, which is located in his district. He said that the locals need to sincerely cooperate with the government and developer to build any hydro projects.



The project-affected people demanded employment opportunities for the locals, including fair compensation for the land acquisition, local shares, and rehabilitation and resettlement plan. They also urged the company to start building the project as early as possible. They expressed commitment to support the project activities in the near future.
IBN has been regularly conducting engagement activities with locals for the past one year in order to secure their ownership over the project.





# RAP Study Begins

KATHMANDU: GMR ITD has initiated the Resettlement Action Plan (RAP) study for the project affected people of Upper Karnali hydropower project, through consulting firms ERM India Pvt. Ltd. and NESS Pvt. Ltd.
The team is conducting household surveys, land & asset surveys and carrying out discussions with community forest user groups, fishing communities, women's groups and marginalized communities. Market valuation for private land and other assets is also being undertaken as a part of this survey. The month-long field study is expected to be complete by March 2015.
GMR ITD and IBN representatives are monitoring the process in the field.



# CTG President in Nepal

KATHMANDU: An 11-member delegation, led by Chairman of China's Three Gorges Corporation, Lu Chun, arrived in Kathmandu on March 13 to discuss development of the 750MW West Seti Hydropower Project.

Lu held meetings with all concerned stakeholders, including the Right Honorable Prime Minister Sushil Koirala, the Ministry of Energy and the Investment Board Nepal (IBN) during his three-day visit. The West Seti project is located in the far-western region of the country and will spread in four districts – Doti, Dadeldhura, Baitadi and Bajhang. The project has the capacity to generate electricity for 24 straight hours throughout the year, except in dry season when power generating capacity is expected to dip to eight to nine hours a day.







# UK Minister of State Swayne Visits IBN

KATHMANDU: Desmond Swayne, Minister of State, Department for International Development (DFID), visited the Office of Investment Board (IBN) on February 19 to discuss UK government's cooperation for major infrastructure development in Nepal. Minister Swayne met with IBN CEO Radhesh Pant and offered UK's support for Nepal's economic growth. During the meeting, CEO Pant said Nepal urgently needs foreign investment in hydropower and major infrastructure projects to graduate to a developing country status by 2022.



# IBN Interaction with Lawmakers from West Seti Hydel Project Districts

KATHMANDU: IBN organized an interaction with the Constituent Assembly (CA) members representing the districts affected by 750 MW West Seti Hydropower Project, on February 18, to share the project updates.

CA members -- Honorable Bir Bahadur Balayar of Doti-1, Honorable Prem Bahadur Ale of Doti-2, Honorable Man Prasad Khatri of Bajhang-1, Honorable Damodar Bhandari of Baitadi-1 and Honorable Karna Bahadur Thapa of Bajura-1, shared their views about West Seti Project at the meeting. The West Seti Hydropower Project directly and indirectly affects areas of Doti, Dadeldhura, Baitadi and Bajhang districts.

IBN CEO Radhesh Pant briefed the CA members on the progress so far achieved in moving the project. Pant also solicited cooperation from political parties, local people and people's representatives to move the project as early as possible.

Participating CA members said they would exert necessary pressure on concern authorities to implement the project at the earliest.

They also suggested that the government introduce a concrete action plan of local benefits, resettlement and rehabilitation, local electrification, among others for the project affected areas.

The government signed a Memorandum of Understanding (MoU) with CWEI of China Three Gorges Corporation in February 29, 2012 to develop the project. China Three Gorges Corporation has recently applied for Foreign Direct Investment (FDI) approval at IBN. The project is estimated to cost around Rs 150 billion.

# Pre-proposal Conference on Chemical Fertilizer Plant

Pre-proposal Conference on Chemical Fertilizer Plant

KATHMANDU: A pre-proposal conference for conducting Detailed Feasibility Study (DFS) of the proposed Chemical Fertilizer Plant was held on March 3 at IBN Office.

IBN has short-listed four firms for the purpose, but only three participated at the conference.

Those attending the conference were - JV of Tata Consulting Engineers Ltd (India) and SILT Engineers and Consultants Pvt Ltd (Nepal); JV of Projects and Development India Ltd (India) and PSA Consultants for Nepal; and JV of Infrastructure Development Corporation (Karnataka) Ltd India (IDeck) and Institute of Agriculture Technologies and Feedback Infrastructure Service Nepal Ltd.

Although JV of JACOBs Consultancy and Taylor Dejongh and Everesheds Tower Bridge Court, UK, did not attend the conference, they have assured that they will submit their proposal in the near future. During the conference, IBN officials and other members of the proposal evaluation committee addressed queries raised by the participating firms. IBN plans to sign an agreement with the selected consulting firm by April-end.

# IBN, SJVNL Joint Visit to Arun-3

KATHMANDU: IBN and Satluj Jalvidyut Nigam Limited (SJVNL) are set to jointly conduct interaction with the local people, affected by 900 MW Arun 3 Hydropower Project in Sankhuwasabha district soon. It is the first engagement with the locals since the signing of Project Development Agreement (PDA) between IBN and SJVNL on November 25, 2014. IBN and the project developer are scheduled to provide detail explanation to the local stakeholders about the project implementation timelines, PDA provisions, and specially the local benefits (rehabilitation and resettlement, employment and training opportunities, community developments) programs during the visit.

# IN PICTURES



Senior representatives of Kathmandu University during IBN Event.



Girls welcoming IBN, GMR and CA members during local consultation in Dab, Dailekh.



A participant raising the concerns of Upper Karnali at a local consultation meeting in Mangalesen, Achham



Participants at a local consultation meeting in Surkhet



Desmond Swayne, State Minister of UK talking with IBN CEO Radhesh Pant during his visit to Nepal



Participants at an interaction program in Bhairabsthan, Achham



कान्तिपुर

# लगानी बोर्ड र जीएमआर टोली माथिल्लो कर्णाली प्रभावित क्षेत्रमा

■ प्रकाश अधिकारी

दैलेख- माथिल्लो कर्णालीको जलविद्युत् आयोजना विकास सम्झौता (पीडीए) बारे स्थानीयस्तरमा रहेको अन्योल हटाउन लगानी बोर्डको टोली प्रभावित क्षेत्रमा पुगेको छ । विकासकर्ता कम्पनी जीएमआरसहितको उपस्थितिमा बोर्ड कर्मचारीले पीडीएका विशेषता र जिम्मेवारी सम्बन्धमा सरोकारवालासँग छलफल गरिरहेका छन् ।

पीडीए सम्पन्न भएको लामो समय बितिसक्दासमेत प्रभावित जिल्लाका सरोकारवालाहरू अनभिज्ञ रहेको गुनासो गरेका थिए । सरकारका तर्फबाट लगानी बोर्ड र भारतीय कम्पनी जीएमआरबीच सन् २०१४ सेप्टेम्बर १९ मा पीडीएमा हस्ताक्षर भएको थियो ।

बोर्डका उपसचिव खगेन्द्रप्रसाद रिजालले पीडीएसम्बन्धी स्थानीयस्तरमा धेरै अन्योल रहेकाले विकासकर्ताको उपस्थितिमा छलफल कार्यक्रम आयोजना गरिएको बताए । 'पीडीएमा उल्लेखित प्रावधानलाई हुबहु कार्यान्वयन गर्नबाट विकासकर्ता कम्पनी उम्किन पाउँदैन,' दैलेख सदरमुकाममा आयोजित कार्यक्रममा उनले भने, पीडीए भइसके पनि आयोजनाबाट जतिसक्दो बढी सामाजिक लाभहरू स्थानीयले पाउनुपर्छ ।' प्रारम्भिक सम्झौता (एमओयू) मा भएका कमीकमजोरी पीडीएमा सच्याइएको उनको दावी छ ।

## पीडीएबारे अन्योल हटाउने प्रयास

बोर्डका कार्यकारी अधिकृत राधेश पन्तले पीडीएका ९ सिद्धान्तबारे प्रस्ट पारेका थिए । आयोजनाको प्राविधिक पक्षलाई नबुझेर एकोहोरो विरोध मात्र गर्नुको साटो त्यसबाट सामाजिक, आर्थिक, औद्योगिक लाभ लिन आग्रह गरे । कार्यकारी अधिकृत पन्तले प्रभावित ३ जिल्लाले केन्द्रको भन्दा बढी रोयल्टी पाउनुपर्ने धारणा राखे । उनले भने, 'स्थानीय सरकारले पाउने रोयल्टीबारे यस क्षेत्रका सभासदहरूले सरकारसँग पहल गर्नुपर्छ ।'

तल्लो तटीय क्षेत्रका सिंचाई आयोजनामा पर्ने प्रभावबारे सिंचाइ विभागसँग समन्वय गरेर अध्ययन गर्ने काम भइरहेको बताए ।

लगानी बोर्डले दैलेख, सुर्खेत, अछाम र पूर्वी संखुवासभाका सभासदलाई समेत निम्ताएको थियो । अरुण तेस्रो आयोजनाको स्थानीय अनुभव सुनाउन बोर्डले संखुवासभाका सभासद तारामान गुरुङले प्रभावित क्षेत्रको भ्रमणमा ल्याएको हो । माथिल्लो कर्णाली आयोजनाका प्रमुख डीके सिंहले कम्पनीले वित्तीय स्रोत संकलन गरिरहेको बताए । 'मुआब्जाको प्रक्रिया अघि बढेको छ । भौतिक पूर्वाधारहरूको सर्भे भइरहेको छ,' सिंहले भने, 'हामी नेपाली जनताको भावना कुल्चेर काम गर्दैनौं ।'

कार्यक्रममा नेकपा-माओवादी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चाका नेताहरूले पीडीएको खरो विरोध गरेका थिए । ती दलका नेताले आयोजना राष्ट्रघाती भएकाले खारेज गर्नुको विकल्प नभएको बताए ।

वर्ष ६ अंक ३०९, पृष्ठ १२+४+८, शनिबार, १६ फागुन २०७१, फागुन शुक्ल दशमी, Saturday, 28 February 2015, नेपाल संवत् ११३५, मूल्य- १०/-

काठमाडौं, नेपालगञ्ज र विराटनगरबाट एकसाथ प्रकाशित

नागरिक

# माथिल्लो कर्णाली ड्यामसाइटमा तनाव

गोविन्द केसी
दैलेख, फागुन १५

माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माणस्थलमा आयोजनाविरोधी दलका कार्यकर्ता र स्थानीयबीच तनाव भएको छ।

भारतीय निर्माण कम्पनी जिएमआर र सरकारबीच भएको आयोजना विकास सम्झौता (पिडिए) बारे प्रभावित क्षेत्रमा लगानी बोर्डले बिहीबार राखेको छलफलमा तनाव भएको हो।

भारतीय कम्पनी जिएमआर प्रतिनिधिको समेत सहभागितामा लगानी बोर्डले आयोजनाको ड्याम निर्माणस्थल दैलेखको डावमा कार्यक्रम राखेको थियो।

छलफलको सुरुमै विरोधीले माइक कब्जामा लिई आयोजनाविरुद्ध भाषण गर्न थालेपछि स्थानीय उनीहरूविरुद्ध जाइलागेका थिए। दुई पक्षबीच सामान्य झडप भए पनि प्रहरी हस्तक्षेपका कारण मानवीय क्षति हुन पाएन।

स्थानीय तहमा पिडिएबारे विभिन्न प्रचारबाजी भएपछि निर्माणपक्षले यथार्थ जानकारी गराउन सर्वपक्षीय छलफल राखेको थियो। छलफलमा दैलेख र नजिकका विभिन्न जिल्लाका सभासदलाई समेत डाकिएको थियो। तर उक्त आयोजनालाई राष्ट्रघाती भन्दै कुनै हालतमा निर्माण हुन नदिने अडान राख्दै आएका विभिन्न साना दलसम्बद्ध नेता-कार्यकर्ताले कार्यक्रम बिथोल्ने प्रयास गरेका थिए।

स्रोतका अनुसार नेपाल मजदुरकिसान पार्टी, राष्ट्रिय जनमोर्चा नेपाल र मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीका जिल्ला नेता/कार्यकर्ता कार्यक्रम बिथोल्ने तयारीसहित अघिल्लो दिनै डाव पुगेका थिए।

'बाहिरबाट हाम्रो क्षेत्रमा भएको कार्यक्रम बिथोल्न आउनेलाई छाड्दैनौं भन्दै विरोधमा उत्रिएका हौं,' स्थानीय जीवन धामीले नागरिकसँग भने, 'हामी जसरी पनि आयोजना निर्माण हुनुपर्छ, यस क्षेत्रको विकास हुनुपर्छ भन्ने पक्षमा छौं, कसैको अवरोध सहँदैनौं।'



दैलेख डावमा आयोजना विरोधीमाथि खनिएका माथिल्लो कर्णाली जलविद्युत आयोजना पक्षधर स्थानीयलाई रोक्दै प्रहरी।

सरकारले ऊर्जा व्यापार र परियोजना विकास सम्झौता गरेयता लगानी बोर्ड जिल्ला तथा प्रभावित क्षेत्रका बासिन्दासँग छलफलमा जुटिरहेको छ।

सुर्खेत र दैलेख सदरमुकाममा आयोजित कार्यक्रम सकेर बोर्ड प्रतिनिधि बिहीबार आयोजनाको ड्यामसाइट डाव पुगेका थिए।

आयोजनाविरोधीले कार्यक्रम रोक्न खोजेपछि पक्षमा रहेका स्थानीय उनीहरूमाथि जाइलागेका थिए। प्रहरीले भिड तितरबितर पारी आयोजनाविरोधीलाई स्थानीयको आक्रमणबाट जोगाएको थियो। सम्भावित झडप ध्यानमा राखी पहिल्यै जिल्लाका ६ स्थानबाट ठूलो संख्यामा प्रहरी खटाइएका थियो।

पिडिएको विशेषता र जिम्मेवारीबारे छलफल सुरु हुनासाथ विरोधीले माइक कब्जामा लिएर एकोहोरो विरोधी भाषण गरेर कार्यक्रम नै कब्जामा लिन खोजेपछि स्थानीयले आक्रमणमा उत्रिएका थिए।

करिब दुई घन्टाजति स्थानीय र विरोधीबीचको झडपको सन्त्रासबीच कार्यक्रम अघि बढाइएको थियो। प्रहरीले दुवै पक्षलाई छुट्याएपछि विरोधीहरूको हातमा रहेको माइक स्थानीयले आफ्नो पक्षमा लिएका थिए। उनीहरूले आफ्ना जिज्ञासा गाउँमै आएका सभासददेखि लगानी बोर्ड कार्यकारी प्रमुख राधेश पन्त र माथिल्लो कर्णाली जलविद्युत आयोजनाका प्रमुख डिके सिंहसँग खुलेरै राखेका थिए।

विरोधी तितरबितर भएपछि सहभागीबीच सवालजवाफसहित कार्यक्रम सम्पन्न गरिएको थियो। यसअघि दैलेख सदरमुकाममा भएको कार्यक्रममा पनि विरोधीले दुई घन्टा अवरोध गरेका थिए। अछाम सदरमुकाम मंगलसेनमा पनि शुक्रबार बोर्डले स्थानीयसँग छलफल गरेको छ।

अन्नपूर्ण | विशेष | सोमबार, १८ फागुन २०७१ | MONDAY, MARCH 2, 2015 | ७

# माथिल्लो कर्णालीमा राष्ट्रघात !

विकास थापा



जलसरोकार

**अघिल्लो** साता लगानी बोर्डले माथिल्लो कर्णाली आयोजना क्षेत्रका जनतासित आयोजना विकास सम्झौता (पीडीए) बारे व्यापक छलफल गराउन सुर्खेत, दैलेख र अछाममा कार्यक्रम गऱ्यो। आयोजनाको बाँध बन्ने ठाउँ दैलेखको डाब र मुहान बनेर डुबानमा पर्ने अछामको भैरवस्थानका प्रभावित क्षेत्रका वासिन्दा, जिल्लाका अधिकांश राजनीतिक दल, नागरिक समाज र सञ्चार क्षेत्र माथिल्लो कर्णाली छिटो निर्माण हुनुपर्ने पक्षमा रहेको देखियो। जसको घरपरिवार नै उठिबास लाग्छ, तिनीहरूले समेत पुनर्स्थापना कसरी होइन्छ, जग्गाको मुआब्जा पाइन्छ कि पाइँदैन, रोजगार कसरी पाइन्छ जस्ता विषयमा मात्र चासो राखेको देखियो। उनीहरू यो आयोजना निर्माणमा एक दिन पनि ढिलाइ नहुने पक्षमा रहेको पाइयो। तर यी तीनवटै जिल्लाका साना वाम पार्टी (नेमकिपा, नेकपा-माओवादी, राष्ट्रिय जनमोर्चा) हरू भने माथिल्लो कर्णालीमा राष्ट्रघातबाहेक अरू केही पनि देखेका रहेनछन्। संविधानको धारा १५६ अनुसार संसद्को दुईतिहाइबाट पारित गराउनुनपर्ने सर्वोच्च अदालतको फैसलापछि पनि उनीहरूले त्यस क्षेत्रका जननिर्वाचित सभासद्हरूलाई भारतीय दलाल, राष्ट्रघाती र देशद्रोहीको बिल्लासमेत भिराए। यिनीहरू आफ्ना मात्र कुरा राख्ने, दलका नेताहरूलाई गाली गर्ने तर अरूका कुरा नसुनी एकतर्फी भाषण गरेर हिँड्दा रहेछन्। कर्णाली नदी किनारको अछामको भैरवस्थान, (डुबान क्षेत्र) र बाँध बन्ने ठाउँ (डाब) का स्थानीय वासिन्दाले भने यी दलले उठाएका ठूला राजनीतिक भाषणप्रति असन्तुष्ट मात्र रहेनन्, उनीहरूलाई लखेट्ने कामसमेत गरे। डाबमा गत बिहीबार भएको कार्यक्रममा यो आयोजना बनेमा कर्णालीसरह रगतको खोला बगाउने, २०५२ साल (जनयुद्ध) फर्काउने, आयोजना बन्नुपर्छ भनेर लेख्ने पत्रकारहरूलाई सिध्याउने, आयोजना निर्माण कार्यमा जसरी पनि भाँजो हाल्ने धम्की दिएपछि स्थानीय प्रभावित क्षेत्रका वासिन्दाले त्यसको प्रतिकार गर्दै उनीहरूलाई लखेटेका थिए। यी तीनवटै जिल्लाका केही साना दलबाहेक आमरूपमा आयोजना निर्माण पक्षमा रहेका उनीहरूको उपस्थितिले देखाउँथ्यो। यो यथार्थ आयोजना क्षेत्रका भए।

नेपालले २०४९ सालदेखि विद्युत्मा वैदेशिक लगानी र बिजुली निर्यातको नीति लिँदै आएको हो। तर हामीले जलविद्युत्मा पर्याप्त लगानी गर्न नसकेकै कारण बिजुली निर्यात होइन, उल्टै भारतबाट आयात भइरहेको छ। उताबाट आउने बिजुलीमा १० मेगावाट पनि तलमाथि पर्दा यहाँ हाहाकार हुन्छ। कुल बजेटको झन्डै ३५ प्रतिशत पेट्रोलियम पदार्थको आयातमा खर्च हुन्छ। जनताको हक, हित र पूर्वाधारमा लगानी गर्नुपर्ने पैसा पेट्रोलियम आयातमा खर्च हुँदै आएको छ। भारतबाट बिजुली आयात भएर अर्थतन्त्र तन्नम हुँदा राष्ट्रघात भइरहेको कसैले देख्दैन।

माथिल्लो कर्णालीमा राष्ट्रघात भएको देख्नेहरूले यो आयोजनाबाट उत्पादित सबै बिजुली नेपालमै खपत हुनुपर्ने तर्क राखेका छन्। निश्चय पनि, यो अति राम्रो कुरा हो। तर हालको अवस्था हिउँदयामलाई मात्र करिब सात सय मेगावाट बिजुली अपुग छ। वर्खायाममा यहीं बिजुली पर्याप्त हुन्छ। हिउँदका लागि मात्र बिजुली लिन जलविद्युत् होइन, डिजेल प्लान्ट जडान गरे मात्र सम्भव होला। किनभने १२ महिनामा पाँच महिनाका लागि मात्र बिजुली दिने गरेर कोही पनि बिजुली बिक्रेता आउँदैन। बोलेजस्तो व्यवहारमा सम्भव हुँदैन। देशलाई अन्धकारमा राखेर बिजुली निर्यात गर्नु अर्को राष्ट्रघात भएको उनीहरूको आरोप छ। यो पनि सोह्रै आना सही कुरा हो। तर भारतीय कतिपय राज्य (बिहार, यूपी) हरूले पनि आफूकहाँ लोडसेडिङ भएर पनि नेपाललाई बिजुली निर्यात गरिरहेका छन्। हामीकहाँ उपलब्ध अथाह जलस्रोतबाट उत्पादन गर्न सकिने बिजुली आफैंले खपत गर्न यो देश अमेरिका, नर्वेभन्दा माथिल्लो स्तरको हुनुपर्छ। नेताहरूको यस्तो तालले देश अमेरिका कहिले हुने र बिजुली खपत (प्रतिव्यक्ति ३३ हजार युनिट) कहिले गर्ने? यो जनतामा छारो हाल्ने कामबाहेक अरू केही होइन। २०६० सालमा कालीगण्डकी ए (१४४ मेगावाट) को निर्माण सम्पन्न हुँदा पहिलो वर्ष ८० करोड, त्यसपछि ६० करोड गरी केही वर्ष बिजुली जगेडा रहन पुग्यो। जगेडा बिजुली भारतलाई निकासी गर्ने प्रक्रिया अघि बढ्दा नेपाललाई लोडसेडिङमा राखेर बिजुली निर्यात गर्ने भन्दै यिनै राष्ट्रवादीहरूले अड्काए। प्राधिकरणलाई करिब पाँच अर्ब रुपैयाँ घाटा पऱ्यो। राजनीतिक भाषण दिएर पहिलाको जस्तो जनता छक्याउन सजिलो ठानेका उनीहरूले के कुरा स्वीकार गर्दैनन् भने कर्णाली, अरूण तेस्रो, माथिल्लो मर्स्याङ्दी जस्ता आयोजनाका सबै बिजुली नेपालमै खपत गर्न सक्ने गरी निर्माण भएको भए नेपाल किन गरिब हुन्थ्यो।

विद्यमान विद्युत् ऐन, २०४९ ले विद्युत् प्राधिकरण, स्वदेशका निजी क्षेत्र र विदेशका लगानीकर्ता सबैलाई समान व्यवहार गरेको छ। स्वदेशका निजी क्षेत्रले उत्पादन गरेका विद्युत् गृह पनि निश्चित अवधिपछि सरकारलाई फिर्ता गर्नुपर्छ। विदेशीले बनाएका आयोजना पनि फिर्ता गर्नैपर्छ। देशलाई कंगाल बनाएर भित्र्याइएका खिम्ती र भोटेकोसी पनि सरकारलाई फिर्ता गर्नुपर्छ। जाबो एक सय पाँच मेगावाट (खिम्ती, भोटेकोसी) का लागि राज्यले अर्बौं रुपैयाँको नोक्सान सहनुपऱ्यो। राष्ट्रवादीहरूको ध्यानमा यसमा पुग्दैन। अझ डलर पीपीएले थला परेको प्राधिकरणले मोटो कमिसनका लागि पुन: डलरमै पीपीए गर्ने चरणमा आइपुग्दासमेत यी राष्ट्रवादीका आँखा उघ्रेका छैनन्। तर २५ वर्षपछि नेपालको स्वामित्वमा आउने, नेपालकै सेयर रहने, नेपाललाई केही बिजुली सित्तैमा दिने आयोजनाको विरोध गर्नु जनताको विकास निर्माण प्राप्त गर्ने अधिकार कुण्ठित पार्नु हो। हिजो कालीगण्डकी एमा भाँजो हाल्न जानेहरूलाई त्यहाँका जनताले लखेटिदिए। कर्णाली क्षेत्रका जनता सोझा, निमुखा र यिनलाई केही थाहा छैन भनेर यिनको आँखामा छारो हाल्न तम्सिनेहरूलाई त्यस क्षेत्रका जनताले प्रतिकार गर्ने गत साताको घटनाले पुष्टि गरिसकेको छ।

निश्चय पनि, पीडीएमा स्वदेशीलाई उपेक्षित गरिएको छ। स्वदेशीका भन्दा पीडीए गरिएका विदेशीले केही सुविधा पाएका छन्। त्यस्तो सुविधा नेपाली लगानीकर्तालाई पनि दिइनुपर्छ। केही पनि आकर्षण नहुने हो भने जोखिम मोलेर लगानी गर्न आउँदैनन्। दुवै पक्षलाई फाइदा हुने गरी भएका यस्ता सम्झौताकै कारण हामीले केही वर्ष धैर्य गर्दा विकास निर्माण भई जनताको आर्थिक अवस्था सुधार हुन्छ भने त्यसको विरोध गर्नुपर्ने कारण छैन। तर जसले विरोध गर्छन्, ती जनताविरुद्ध उभिएको प्रस्ट हुन्छ। जनताविरुद्ध उभिनेको हविगत के हुन्छ भन्ने कुरा विरोधमा उत्रनेहरूले राम्रैसित बुझेका होलान्। अझ नेपाल सरकारलाई प्राप्त भएको २७ प्रतिशत सेयरमध्ये अरुण तेस्रो आयोजनावासी (संखुवासभा) ले पाएको भन्दा कम्ता हुने छैन भनेर लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले स्थानीय प्रभावित वासिन्दालाई स्पष्ट पारिसकेका छन्। १० प्रतिशत मात्र सेयर दैलेख, अछाम र सुर्खेतका वासिन्दालाई छुट्याउने हो भने त्यो हालको लागत संरचनाअनुसार तीन अर्ब ३३ करोड रुपैयाँ हुनेछ। यसरी आफ्नो घरदैलोको प्राकृतिक स्रोत उपयोग गरेबापत जनता आफैं मालिक हुने र तिनको आर्थिक अवस्था सुदृढ हुने अवसरमाथि राजनीति गरेमा त्यसले द्वन्द्व निम्त्याउने देखिन्छ।

> तर २५ वर्षपछि नेपालको स्वामित्वमा आउने, नेपालकै सेयर रहने, नेपाललाई केही बिजुली सित्तैमा दिने आयोजनाको विरोध गर्नु जनताको विकास निर्माण प्राप्त गर्ने अधिकार कुण्ठित पार्नु हो।

नौ सय मेगावाटको बनाउँदा कर्णालीको चार हजार एक सय ८० मेगावाट बनाउन नसकी तीन हजार दुई सय ८० मेगावाट बिजुली गुमाउनुपर्ने, यसको प्रवर्द्धक जीएमआर पूर्व इस्ट-इन्डिया कम्पनी झैं नेपाललाई सिक्कम झैं बनाउने, नेपाली बस्ती डुबानमा पारेर सरकारले नि:शुल्क रूपमा ऊर्जा र सेयर प्राप्त गर्नु गलत रहेको बुझाइ छ। अझ उनीहरूले विद्युत् गृह कर्णालीमा नभई भारतमा हुने र त्यहींबाट विद्युत् गृह सञ्चालन हुने तर्क पनि गरे। नेपालमा ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने कुल सम्भावनामध्ये आर्थिक र प्राविधिकले ४३ हजार मेगावाट निर्माण गर्न सकिने सरकारी आकलन छ। अझ त्यसमा विस्तृत अध्ययन गर्न सके कुल सम्भावना नै बढी हुने निश्चित छ। अहिले हामीले कुल सम्भावनाको एक प्रतिशत पनि उपयोग गर्न सकेको छैन। काबेली ए (३७.५ मेगावाट) ले आठ सय मेगावाटको तमोरलाई 'किल' गरेको छ। बेसिनबाट काटेर कमिसनका लागि काबेली ए वितरण हुँदा यी राष्ट्रवादीहरू चुप, तर अध्ययनै नभएको आयोजनाको बिजुली गुमाउनुपऱ्यो भन्ने रोदन पनि कुतर्क हो। हो, रिरेगुलेटिङ ड्यामबिना यो आयोजना निर्माण गर्न खोजिए त्यसको विरोध गर्नुपर्छ। किनभने यो संरचनाबिना निर्माण हुँदा कर्णाली १८ घन्टा थुनिएर तलका सिँचाइ आयोजनालाई नराम्रो असर पर्छ। तर लगानी बोर्डले यसको अध्ययन पूरा गराई त्यसअनुसार संरचना निर्माण गर्न निर्माण पक्ष तयार भएको खुलाइसकेकाले यसमा पनि कुनै दुविधा छैन।

सन् १९८९ मै माथिल्लो कर्णालीको पूर्व सम्भाव्यता अध्ययन भएको थियो। सन् १९९६/९७ मा विश्व बैंकको ऋण सहयोगमा क्यानेयिन इन्टरनेसनल वाटर एन्ड इनर्जी कन्सलट्यान्टको अगुवाइमा एक्रेस इन्टरनेसनल क्यानडा र एसएनसी लाभालिनले यसको विस्तृत अध्ययन गरेका थिए। पूर्व सम्भाव्यता अध्ययनदेखि अहिलेको चरणसम्म आइपुग्दा २६ वर्षको समय व्यतित भइसकेको छ। हिजो अरुण तेस्रो नतुहाएको भए अहिले यसको ऋण तिर्ने मात्र होइन कि वर्षको दुई सय मेगावाटका दरले नयाँ आयोजना बनाउन सकिन्थ्यो। हिजो अरुण तुहाउनेहरूलाई संखुवासभावासीले जसरी लखेटेका थिए, अहिले कर्णालीवासीमा पनि त्यो चेतना आइसकेको छ। उनीहरूको भाग्य अजमाउने यो आयोजनाको विरोध गरेर यसलाई खारेज गराउने कुचेष्टा गर्दाको ठूलो जोखिम ती विरोधीले लिन सहज देखिँदैन।



**Correspondence:**
Government of Nepal
Office of the Investment Board Nepal
East buildng of ICC Complex, New Baneswor, Kathmandu
Phone: +977-1-4475277, 4475278
Email: info@investmentboardnepal.gov.np
Website: www.investmentboardnepal.gov.np